केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/३/०७२/७३ मिति: २०७२/०५/०१

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. यस बैंकबाट जारी गरिएको एकीकृत निर्देशन, २०७२ को इ.प्रा. निर्देशन नं. ६ को बुँदा नं. ३ को उपबुँदा नं. (११) मा देहाय बमोजिमको प्रतिबन्धात्मक वाक्यांश थप गरिएको छ ।

*"तर, एक आपसमा गाभ्ने/गाभिने वा प्राप्तीको प्रक्रियामा रहेका बैंक वा वित्तीय संस्थाहरु वीच गाभ्ने/गाभिने वा प्राप्ती गर्ने सम्वन्धमा यस बैंकबाट सैद्धान्तिक सहमति दिइसकिएको अवस्थामा यस बैंकको स्वीकृति लिई प्रमुख कार्यकारी अधिकृतको नियुक्तिको समयावधी थप गर्न सकिनेछ ।"*

२. यस बैंकबाट जारी भएको एकीकृत निर्देशन, २०७२ को इ.प्रा. निर्देशन नं. १४ को बुँदा नं.१ को (ज) लाई देहाय बमोजिम संशोधन गरिएको छ ।

*"(ज) कुनै इजाजतपत्रप्राप्त बैंक वा वित्तीय संस्थाले यस बैंकबाट समस्याग्रस्त घोषणा गरिएका बैंक वा वित्तीय संस्थाको शाखा खरिद गर्ने भएमा दुवै संस्थाले प्रचलित कानुन तथा आफ्नो आर्थिक प्रशासन विनियमावलीको अधिनमा रही शाखा खरिद बिक्री गर्न सक्नेछन् । काठमाण्डौ उपत्यका लगायत अन्य कुनै पनि स्थानमा अवस्थित समस्याग्रस्त बैंक तथा वित्तीय संस्थाको शाखा कार्यालय खरिद गरी सञ्चालन गरेमा शाखा खरिद गर्ने बैंक तथा वित्तीय संस्थालाई माथि उल्लेखित खण्ड (छ) को व्यवस्था अनिवार्य हुने छैन ।*

*तर यस बैंकबाट समस्याग्रस्त घोषणा नभई विशेष निगरानीमा रहेका बैंक वा वित्तीय संस्थाको शाखा कार्यालय खरिद बिक्री सम्बन्धमा यस बैंकको पुर्व स्वीकृति लिएर मात्र गर्न/गराउन सकिने छ ।"*

३. यस बैंकबाट जारी गरिएको एकीकृत निर्देशन २०७२ को इ.प्रा.निर्देशन नं. २३ को बुँदा नं. ३० को उपबुँदा नं. (४) पछि देहाय बमोजिमको उपबुँदा (४क) थप गरिएकोछ ।

*"(४क) उच्च गरिबी रहेका बाजुरा, कालिकोट, बझाङ, हुम्ला, दार्चुला, जुम्ला, डोटी, अछाम, मुगु र बैतडी गरी १० जिल्लाहरु तथा नेपाल सरकारको बजेट वक्तव्यमा उल्लेख भए बमोजिम गरिबीको गहनता तुलनात्मक रुपमा बढी भएका पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा र सप्तरीको*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

*संलग्न सूचिमा उल्लेखित दक्षिणी सीमावर्ती क्षेत्रका गाउँ विकास समिति र नगरपालिकाहरुमा कृषि तथा साना व्यवसायमा आधारित आयमूलक क्रियाकलापलाई प्रोत्साहित गर्न बैंक तथा वित्तीय संस्थाहबाट प्रवाह भएको रु. पाँच लाख सम्मको कर्जामा यस बैंकबाट १ प्रतिशत ब्याजदरमा विशेष पुनरकर्जा सुविधा उपलब्ध गराइनेछ । यस्तो कर्जामा बैंक तथा वित्तीय संस्थाले बढीमा ४.५ प्रतिशतसम्म मात्र ब्याजदर लिन सक्नेछन् ।"*

४. यस बैंकबाट जारी गरिएको एकीकृत निर्देशन, २०७२ को इ.प्रा.निर्देशन नं. १३ को बुँदा नं. ३ मा देहायको खण्ड (च) थप गरी ने. रा बैंक निर्देशन फा.नं.१३.२ संलग्न बमोजिम संशोधन गरिएको छ ।

*"(च) अन्तर्राष्ट्रिय वित्तीय संस्थाद्वारा नेपाली मुद्रामा जारी भएको ऋणपत्रमा गरिएको लगानी"*

५. बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको शाखा/कार्यालय खोल्ने सम्बन्धी व्यवस्थामा देहाय बमोजिम थप गरिएको छ ।

*"नेपाल सरकारको बजेट वक्तव्यमा उल्लेख भए बमोजिम गरिबीको गहनता तुलनात्मक रुपमा बढी भएका पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा र सप्तरीको संलग्न सूचीमा उल्लेखित दक्षिणी सीमावर्ती क्षेत्रका गाउँ विकास समिति र नगरपालिकाहरु तथा उच्च गरिबीमा रहेका तोकिएका दश जिल्लामा अन्य बैंक वित्तीय संस्था नभएका गा.वि.स. तथा बजार केन्द्रहरुमा शाखा खोल्न यस बैंकको पूर्व स्वीकृत लिनु पर्ने छैन । यसरी शाखा खोल्दा बैंक तथा वित्तीय संस्थाको संचालक समितिले निर्णय गरी सो निर्णय भएको मितिले १५ दिन भित्र यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्वन्धित सुपरिवेक्षण विभागलाई जानकारी गराउनु पर्नेछ । बैंक तथा वित्तीय संस्थाको संचालक समितिले निर्णय गरेको मितिले तीन महिनाभित्र शाखा कार्यालय खोली सक्नु पर्नेछ ।"*

६. यस बैंकबाट जारी गरिएको एकीकृत निर्देशन, २०७२ को इ.प्रा.निर्देशन नं. १७ को बुँदा नं. १७ को उपबुँदा (२) अन्तर्गत रहेको स्पष्टिकरण (३) तथा ने.रा.बैंक निर्देशन फा.नं. १७.१ लाई देहाय बमोजिम संशोधन गरिएको छ ।

*"(३) 'पर्यटन क्षेत्र' भन्नाले (क) ट्रेकिङ्ग, ट्राभल एजेन्सी, पर्वतारोहण, रिसोर्ट, र्‍याफ्टिङ्ग, क्याम्पिङ्ग, आदि, (ख) होटल, (ग) मनोरंजन, रिक्रिएसन, चलचित्र सम्बन्धी (यस बैंकबाट जारी ने. रा. बैंक निर्देशन फा.नं. ३.१ को क्र.सं. १२ बमोजिमको) र (घ) काठमाडौं उपत्यका, विराटनगर, जनकपुर, वीरगन्ज, पोखरा, भैरहवा, नेपालगन्ज र धनगढीमा सार्वजनिक सहरी यातायात सेवा संचालन गर्ने संगठित संस्थालाई प्रवाहित कर्जा"*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

७ यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको ई-कार्ड कारोबार सेवा सम्बन्धमा देहाय बमोजिमको निर्देशन जारी गरिएको छ।

*"सञ्चालन जोखिम कम गर्दै ग्राहकहरुलाई बैंकिङ्ग सेवा प्रयोगमा सुरक्षाको प्रत्याभूति दिलाउन बैंक तथा वित्तीय संस्थाहरुले हाल प्रयोगमा ल्याएका डेबिट, क्रेडिट, प्रिपेड लगायतका Magnetic Strip Card लाई २०७२ असोजभित्र Chip Based Card ले प्रतिस्थापन गर्नुपर्नेछ।"*

भवदीय,

(शिवनाथ पाण्डे)
कार्यकारी निर्देशक

**बोधार्थ :**

(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय।
(३) नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरवार, काठमाण्डौ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग।
(७) श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग।
(८) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
(९) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग।
(१०) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा।
(११) श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौ।
(१२) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौ।
(१३) श्री नेपाल वित्तीय संस्था संघ, तिनकुने, काठमाण्डौ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

### गाउँ बिकास समिति तथा नगरपालिकाको सूची
(निर्देशनको बुँदा नं. ३ र ५ संग सम्बन्धित)

| जिल्ला | गाउँ बिकास समिति तथा नगरपालिका |
|---|---|
| पर्सा | **गा.बि.स.**<br>अमरपटटी, भिस्वा, धोरे, घोडादौडा पिपरा, जयमंगलपुर, जानकीटोला, भौवागुठी, महादेवपटटी, लाहावरथकरी, विश्रामपुर, मिर्जापुर, निर्मलबस्ती, प्रसौनी भाठा, पिडारीगुठी, सबैठवा, समभौता, ठोरी लगायतका सिमावर्ती गा.बि.स.हरु |
| बारा | **नगरपलिका**<br>सिम्रौनगंढ नगरपालिका<br>**गा.बि.स.**<br>बडकीफुलवरिया, बगही, बसन्तपुर, बेल्दारी, बेनौली, बरैनीया, बिश्रामपुर, छतवा, भिटकैया दक्षिण, कवहीगोढ, कचोर्वा, मटिअर्वा, पकडिया चिकनी, पिपरपाती पर्चरौवा लगायतका सिमावर्ती गा.बि.स.हरु |
| रौतहट | **नगरपलिका**<br>गौर नगरपालिका<br>**गा.बि.स.**<br>औरैया, बन्जारहा, ब्रह्मापुर, जोहवा, लक्ष्मीपुर बेलविछवा, मठिया, नरकटियागुंठी, राजदेवी, रामपुरखाप, सरमुजवा लगायतका सिमावर्ती गा.बि.स.हरु |
| सर्लाही | **नगरपलिका**<br>मलंगवा नगरपालिका<br>**गा.बि.स.**<br>अर्नाहा, बहादुरपुर, बलारा, बारा उध्योरण, बेल्वाजब्दी, भाडसर, हथिऔल, खुटाना, मधुबनी, नारायणपुर, नोकैलवा, पर्सा, संग्रामपुर, सक्रौल, सिमरा त्रिभुवननगर लगायतका सिमावर्ती गा.बि.स.हरु |
| महोत्तरी | **नगरपलिका**<br>जलेश्वर नगरपालिका<br>**गा.बि.स.**<br>बथनाहा, इटहर्वाकट्टी, गैढाभेटपुर, खैरबन्नी, मटिहानी, नैन्ही, पर्सा पतेली, पोखरभिंढा संग्रामपुर, रघुनाथपुर, सम्सी, सुगा भवानी, सिसवा कटैया लगायतका सिमावर्ती गा.बि.स.हरु |
| धनुषा | **गा.बि.स.**<br>बैहेडाबेला, बाल्हागोठ, देवडिहा, धनौजी, दुहवी, इनर्वा, इटहर्वा, , लगमा गढागुठी, महुवा (प्रखे), मुखियापटी, नगराइन, ठाढीभिभा, तुल्सीयाही जव्दी लगायतका सिमावर्ती गा.बि.स.हरु |
| सिरहा | **नगरपलिका**<br>सिरहा नगरपालिका<br>**गा.बि.स.**<br>औरही, वरियापट्टी, हर्कट्टी, इनर्वा, इट्टाटार, जानकीनगर, कच्नारी, लगडी गडीयानी, लगडी गोढ, नवराजपुर, शानहैथा लगायतका सिमावर्ती गा.बि.स.हरु |
| सप्तरी | **गा.बि.स.**<br>औरही, बनैनिया, बेल्ही, भुतही, छिन्नमस्ता, देउरी, फकिरा, गोवरगाढा, भुटकी, काचन, लालापटटी, मौवाहा, रामनगर, रामपुर मल्हनियाँ, तरही, तिलाठी लगायतका सिमावर्ती गा.बि.स.हरु |

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

ने. रा बैंक निर्देशन फा.नं.१३.२

इजाजतपत्रप्राप्त संस्थाका लागि
वैधानिक तरलता अनुपात (SLR) सम्बन्धी विवरण
(मासिक)

२० ... साल .................... महिना ।

| गते | सरकारी सुरक्षण पत्रमा गरेको लगानी | अन्तर्राष्ट्रिय वित्तीय संस्थाद्वारा नेपाली मुद्रामा जारी भएको ऋणपत्र | अनिवार्य मौज्दात प्रयोजनार्थ नेपाल राष्ट्र बैंक/“ख” र “ग” वर्गका संस्थाको हकमा वाणिज्य बैंक समेतमा रहेको रकम ** | ढुकुटीमा रहेको नगद मौज्दात | मागेका वखत प्राप्त हुने रकम *** | कुल वैधानिक तरलता | गते | सरकारी सुरक्षण पत्रमा गरेको लगानी | अन्तर्राष्ट्रिय वित्तीय संस्थाद्वारा नेपाली मुद्रामा जारी भएको ऋणपत्र | अनिवार्य मौज्दात प्रयोजनार्थ नेपाल राष्ट्र बैंक/“ख”र “ग” वर्गका संस्थाको हकमा वाणिज्य बैंक समेतमा रहेको रकम ** | ढुकुटीमा रहेको नगद मौज्दात | मागेका वखत प्राप्त हुने रकम *** | कुल वैधानिक तरलता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | १७ | | | | | | |
| २ | | | | | | | १८ | | | | | | |
| ३ | | | | | | | १९ | | | | | | |
| ४ | | | | | | | २० | | | | | | |
| ५ | | | | | | | २१ | | | | | | |
| ६ | | | | | | | २२ | | | | | | |
| ७ | | | | | | | २३ | | | | | | |
| ८ | | | | | | | २४ | | | | | | |
| ९ | | | | | | | २५ | | | | | | |
| १० | | | | | | | २६ | | | | | | |
| ११ | | | | | | | २७ | | | | | | |
| १२ | | | | | | | २८ | | | | | | |
| १३ | | | | | | | २९ | | | | | | |
| १४ | | | | | | | ३० | | | | | | |
| १५ | | | | | | | ३१ | | | | | | |
| १६ | | | | | | | ३२ | | | | | | |

| | |
|---|---|
| कायम गरेको औसत वैधानिक तरलता (क) | |
| अघिल्लो महिनाको अन्त्यमा रहेको स्वदेशी निक्षेप दायित्व (ख) | |
| कायम गर्नु पर्ने वैधानिक तरलता अनुपात (ग)=(ख) x % | |
| बढी/नपुग रकम (घ) = (क)–(ग) | |

** यस बैंकको साधारण खातामा भएको मौज्दातलाई मात्र अनिवार्य मौज्दातमा गणना गरिने छ । यस बैंकमा विशेष प्रयोजनको लागि खोलिएको विशेष खाता तथा विदेशी मुद्रा खातामा रहेको रकमलाई यस प्रयोजनको लागि गणना गरिने छैन । साथै, वैधानिक तरलतामा अनिवार्य मौज्दात रकम गणना गर्दा महिनाभरको औसत मौज्दात रकम समावेश गर्नु पर्नेछ ।

*** राष्ट्रियस्तर बाहेकका वित्तीय संस्थाहरुले मागेका वखत प्राप्त हुने गरी अन्य बैंक तथा वित्तीय संस्थाहरुमा राखेको रकम भन्ने बुझ्नु पर्दछ ।

मिति: अधिकृत:

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

ने.रा. बैंक निर्देशन फा.नं. १७.१

.................................... लिमिटेड

कृषि, उर्जा, पर्यटन क्षेत्र र घरेलु तथा साना उद्योगमा भएको कर्जा लगानीको मासिक विवरण

(रु. दश लाखमा)

| क्र. सं. | विवरण | स्वीकृत कर्जा सीमा रु. | कर्जा बक्यौता रकम रु. | कुल कर्जामा स्वीकृत कर्जा सीमाको प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | कृषि क्षेत्र तर्फ | | | | |
| १.१ | कृषि र वन सम्बन्धी | | | | |
| १.२ | माछापालन सम्बन्धी | | | | |
| १.३ | कृषि औजार | | | | |
| १.४ | मल (क्र.सं. १.१ मा समावेश बाहेक) | | | | |
| १.५ | बीउ-विजन | | | | |
| १.६ | पशुपंक्षी-दाना | | | | |
| १.७ | कृषि उत्पादन भण्डारण | | | | |
| १.८ | चिया, कफि, अदुवा, फलफुल प्रशोधन तथा आन्तरिक कृषि उपजको प्राथमिक रुपमा हुने प्रशोधन | | | | |
| २. | उर्जा क्षेत्र तर्फ | | | | |
| २.१ | जलविद्युत | | | | |
| २.३ | नवीकरणीय उर्जा | | | | |
| ३. | पर्यटन क्षेत्र तर्फ | | | | |
| ३.१ | ट्रेकिङ्ग, ट्राभल एजेन्सी, पर्वतारोहण, रिसोर्ट, राफ्टिङ्ग, क्याम्पिङ्ग आदि | | | | |
| ३.२ | होटल (अन्य सेवा समेत) | | | | |
| ३.३ | मनोरंजन, रिक्रिएसन, चलचित्र | | | | |
| ३.४ | सार्वजनिक शहरी यातायात सेवा* | | | | |
| ४. | घरेलु तथा साना उद्योग तर्फ | | | | |
| ४.१ | घरेलु उद्योग | | | | |
| ४.२ | साना उद्योग | | | | |
| | कृषि र उर्जा क्षेत्रको कुल (१+२) | | | | |
| | कृषि, उर्जा, पर्यटन क्षेत्र र घरेलु तथा साना उद्योगको कुल जम्मा (१+२+३+४) | | | | |
| | संस्थाको कुल कर्जा लगानी | | | | |

* काठमाडौं उपत्यका, विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, भैरहवा, नेपालगञ्ज र धनगढीमा सार्वजनिक सहरी यातायात सेवा संचालन गर्ने संगठित संस्थालाई प्रवाहित कर्जा ।